परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २ अंक : १७१ पृष्ठ ४ २०८० मंसिर २६ गते, मंगलबार 12 Dec., 2023 मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।



समाचार पृष्ठ ४ मा

## नगर बाल क्लबलाई नगरपालिकाको आर्थिक सहयोग

## अस्पतालले मृत घोषणा गरेका व्यक्ति जीवितै




● टक नेपाल

बर्दिबास । अस्पतालले मृत घोषणा गरी शवगृहमा राखेर अन्तिम दाहसंस्कारका लागि घाट लैजान लागेका एक व्यक्ति जीवितै रहेको पाइएको छ। विराटनगरस्थित मेट्रो न्युरो अस्पतालले मृत्यु प्रमाणपत्रसमेत बनाएर १५ घण्टासम्म शवगृहमा राखेर दाहसंस्कारका लागि पठाएका इनरुवा नगरपालिका-३ का ४५ वर्षीय प्रताप सदा मुसहरलाई घाटमा लैजान लाग्दा जीवित नै पाइएको हो। इनरुवाका सामाजिक व्यक्तित्व तथा प्रतापका छिमेकी पहल कटुवालका अनुसार उहाँलाई शनिबार बिहान उपचारका क्रममा मेट्रो न्युरो अस्पताल भर्ना गरिएको थियो। स्थानीय बसचोकमा आउने जाने गाडीमा सामान लोड अनलोड गरी जीविकोपार्जन गर्दै आउनुभएका सदा गाडीमा सामान लोड गर्ने क्रममा लडेर बेहोस हुनुभएको थियो। उहाँलाई तत्काल इनरुवा अस्पताल लगिएको र त्यहाँ उपचार सम्भव नहुने भन्दै विराटनगरमा रहेको कोशी अस्पताल रिफर गरिएको थियो। उपचारका क्रममा कोशी अस्पताल लगिएका सदाको टाउकोको तत्काल एमआरआई गर्नुपर्ने चिकित्सकले सुझाव दिएपछि उहाँलाई मेट्रो न्युरो अस्पतालमा भर्ना गरिएको उहाँकी श्रीमती सीता सदाले बताउनुभयो। शनिबार दिउँसो सो अस्पतालमा भर्ना गरिएका सदाको उपचारका क्रममा राति मृत्यु भएको अस्पतालले घोषणा गरेको थियो। उपचारका क्रममा लागेको ५० हजार रुपियाँ तिरेर शव लैजान भन्दै शवगृहमा राखिएका सदाको शव लैजान स्थानीय छिमेकी तथा आफन्तले आइतबार बिहानदेखि चन्दा रकम जुटाई अस्पताललाई तिरेर दाहसंस्कारका लागि इनरुवा ल्याइएको समाजसेवी राजेन्द्र पोखेलले बताउनुभयो। सदाको दाहसंस्कारका लागि उनीहरूको जातीय संस्कार र परम्परा अनुसार सबै तयार गरी मलामीसमेत जुटेर घाट लैजान लाग्दा उहाँ जीवित पाइएको समाजसेवी कटुवालले जानकारी दिनुभयो। अस्पतालले मृत घोषणा गरेर घर ल्याइएका सदाको दाहसंस्कारका लागि परिवार र आफन्तजनले हरियो बाँस, कात्रो, रामनामी, तिल, जौ, अबिरलगायत टीका,

बाँकी पृष्ठ ३ मा

## मधेशका माग पूरा गर्न प्रधानमन्त्रीले मागे भाकाब

● टक नेपाल



जनकपुरधाम । संविधानको एकल सूचिमा रहेको अधिकार सुम्पन माग गर्दै आएको मधेश प्रदेश सरकारलाई प्रधानमन्त्री पुष्पकमल दाहालले 'केही समय कुर्न' आश्वासन दिएका छन् । मधेश प्रदेश सरकारले ३० दिनको म्याद दिँदै नभए आन्दोलन थाल्न दिएको चेतावनीको समयसीमा गत शनिबार सकिएको छ । प्रदेस संसद्का संसदीय दलका नेतासहित मुख्यमन्त्री सरोजकुमार यादवले आइतबार प्रधानमन्त्री दाहालसित भेटेर समयसीमा सकिएकाले आफूहरु आन्दोलनको तयारीमा रहेको बताएका थिए । तर, प्रधानमन्त्री दाहालले संघीयतालाई संस्थागत र बलियो बनाउने आफ्नो चाहना पनि रहेको भन्दै यस मामिलामा सबै दलसित

बाँकी पृष्ठ ३ मा

## एनसेल प्रकरणमा गलत प्रचार भएको प्रधानमन्त्रीको ठहर

● टक नेपाल




काठमाडौँ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले एनसेल प्रकरणमा तल्लो स्तरबाट गलत प्रचार गरिएको बताएका छन् । सोमबार प्रेस सेन्टर नेपालले पेरिस डाँडामा आयोजना गरेको कार्यक्रममा बोल्दै उनले एनसेल प्रकरणमा तल्लो स्तरबाट गलत प्रचार भएको भन्दै बचाउ गरेका हुन् । बैठकमा उनले अतिवादी, अराजकतावादी निकै आतङ्कित भएका भन्दै उनीहरूले व्यवस्था, परिवर्तनमाथि निकै प्रहार गरेकोमा चिन्ता व्यक्त गरे । प्रचण्डले भने, 'म युएई मा भएको बेला एनसेल खरिद बिक्री भयो भन्ने सुनेँ । यसमा सतर्कतापूर्वक अनुसन्धान गर्न मैले उतैबाट निर्देशन दिएँ । नेपाल आएको भोलिपल्टै यसमा के कस्तो प्रभाव पर्छ भनेर मुख्य सचिवसहित सम्बन्धित मन्त्रालयलाई निर्देशन दिएँ । त्यति मात्र नभई गठबन्धनलाई पनि विश्वासमा लिनुपर्छ भनेर यो स्वाभाविक छैन । यहाँ गडबड छ भन्ने लागेर बैठक बोलाएँ । लगत्तै क्याबिनेट बैठकबाट छानबिनका लागि समिति गठन भयो । तर अतिवादीहरूबाट घटिया रूपमा प्रचार र दुष्प्रचार गरियो । तपाईँ कल्पना गर्नोस् यति तल्लो तहबाट प्रचार भएका छन् त्यसलाई प्रतिवाद गर्नुपर्छ ।'






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# विवाद र एनसेल पर्यायवाची

यतिखेर मोबाइल सेवाप्रदायक कम्पनी एनसेलको ८० प्रतिशत शेयर बिक्री प्रकरणलाई लिएर समाज विभाजित छ । एकथरीले एनसेल आजियाटा बहुराष्ट्रिय कम्पनी भएको हुँदा यसको विदेशमा कारोबार हुनु स्वाभाविक हो भनेका छन् । अर्को थरीले एनसेलको बिक्री मूल्य र सम्झौता लगानीकर्ताको व्यक्तिगत अधिकार भएको भन्ने तर्क गर्छन्। त्यस्तै अर्को पक्षबाट अत्यन्तै न्यून मूल्यमा खरिद बिक्रीको सम्झौता भएको, पाँच वर्षपछि सरकारको स्वामित्वमा आउन लागेको कम्पनीलाई कानुनी छिद्रको प्रयोग गरी रोक्ने प्रपञ्च गरिएको तथा कर छली गर्ने मनसायले यो कारोबार भएको धारणा आएको छ । विगतमा पनि एनसेलको शेयर बिक्रीका क्रममा भएको पुँजीगत लाभकरलगायतका विवादले लामो समयसम्म सडक र सदन तातेको थियो। एनसेलको लाइसेन्स जारी देखि सञ्चालनसम्मका विभिन्न घटनाक्रमले विवाद र एनसेल एक-अर्काको पर्यावाचीजस्तै भएको छ । निश्चय पनि एनसेल कसको स्वामित्वमा हुने, कसले कति लाभांश लिने भन्ने उसको निजी निर्णय हो। तर, त्यस्ता निर्णय सेवा सञ्चालन भएको मुलकको प्रचलित कानुन अनुसार हुनु आवश्यक छ। कसैको निजी सम्पत्ति हो भन्दैमा नियामक निकायलाई बेवास्ता गर्ने, कानुनी छिद्रको प्रयोग गरी दलका नेतालाई प्रोभनमा पारेर जे पनि गर्न सकिन्छ भन्ने दूषित मनोवृत्तिबाट अगाडि बढ्नुचाहिँ गलत हो। पक्कै पनि नेपालमा एनसेल तत्कालीन मेरो मोबाइलको प्रवेशपछि मोबाइल सेवामा नेपाल टेलिकमको एकाधिकार तोडिएको हो। प्रतिस्पर्धा हुन थाले पछि नेपाली उपभोक्ताले सहज र सुलभ मोबाइल सेवाको उपयोग गर्न पाएका हुन्। यसमा ठूलो वैदेशिक लगानी आएको छ। राज्यले पनि प्रशस्त कर प्राप्त गरेको छ। सामाजिक क्षेत्रमा पनि केही लगानी भएको छ स्वदेशमै रोजगारी सिर्जना भएको छ । एनसेलमा भएको लगानीको सुरक्षा नेपाल सरकारले गर्नुपर्छ। तर, एनसेललाई नेपालको कानुन, विधि विधानको धज्जी उडाउने छुट भने कहिल्यै हुँदैन। पाँच वर्षपछि सरकारको स्वामित्वमा जाने रोक्नका निम्ति अहिले गरिएको षड्यन्त्र हो भन्ने कुरा घामजस्तै छर्लङ्ग छ। किनकि वार्षिक ४० अर्ब रुपियाँको हाराहारीमा आम्दानी गर्ने कम्पनी १ खर्ब ३८ अर्ब रुपियाँ घाटा खाएर बेच्नुपर्ने बाध्यता के आइपर्‍यो ?, ५० प्रतिशत नेपाली लगानीकर्ता भए सरकारको स्वामित्वमा नजाने प्रावधान रहेको छ ।

बर्दिबास नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बर्दिबास, महोत्तरी मधेश प्रदेश ,नेपाल
२०७३

## कर्मचारी करार सेवा भर्नामा म्याद थप गरिएको सम्बन्धि सूचना

यस बर्दिवास नगरपालिकाको प्रथम पटक प्रकाशन मितिः २०६०/०६/१८ गतेमा समुदायिक स्वास्थ्य नमूना स्थानीय तह कार्यक्रम संचालन गर्नको लागि रिक्त रहेको सामुदायिक स्वास्थ्य नर्स पदमा ३ (तिन) जना संख्या माग गरिएकोमा २ (दुई) जना थप आवश्यक रहेकोले देहायका योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेको नेपाली नागरिकहरुले आजको मितिले २०६०/०८/२६ गते देखि ७ (सात) दिनको समय थप गरिएको छ। थप गरिएको समय भित्र माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ। यसको फारम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विवरण कार्यालयबाट उपलब्ध हुनेछ।

| क्र.स | बिज्ञापन न. | पद | तह | पहिला माग गरिएको संख्या | थप संख्या | जम्मा संख्या |
|---|---|---|---|---|---|---|
| १ | १/२०८०-८१ | सामुदायिक स्वास्थ्य नर्स | पाचौ | ३ (तिन) | २ (दुई) | ५ (पाँच) |

१) आवश्यक न्युनतम योग्यता र अनुभव :-
- (१) नेपाली नागरिक भएको हुनु पर्ने ।
- (२ ) न्यूनतम शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा न्युनतम प्रवीणता प्रमाण पत्र तह उत्तीर्ण गरेको र सम्बन्धित परिषदमा दर्ता भएको ।
- (३) १८ वर्षा पूरा भई ४५ वर्ष ननाघेको ।
- (४) नेपाल नर्सिङ परिषदमा दर्ता भएको ।
- (५) अन्य प्रचलित कानून द्वारा अयोग्य नभएको ।
- (६ ) सम्बन्धित स्थानीय तहका उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।'

२) दरखास्त दिने स्थानः- बर्दिवास नगरपालिकाको कार्यालय, स्वास्थ्य शाखा, बर्दिवास, महोत्तरी
३) दखास्त दिने अन्तिम मितिः- २०८० /०९/०२ गते
४) आवेदन दस्तुरः- रु ७०० /- ( सात सय मात्र)
५) छनौटको किसिम :- लिखित र अन्तरवार्ता
६) आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय वमोजिम कागजातको प्रतिलिपिहरू
- ङ्ख नागरिकता, न्यूनतम योग्यताको लब्धाक प्रमाणपत्र
- ङ्ख चारित्रिक प्रमाणपत्र, सम्बन्धित परिषदमा दर्ता भएको प्रमाणपत्र
- ङ्ख अनुभब खुल्ने कागजात
- ङ्ख "२ प्रति पासपोर्ट आकारको फोटो

७) सेवा सुविधाः- नेपाल सरकारले तोके वमोजिम हुनेछ ।
८) सम्पादित गर्नुपर्ने कार्यविवरणः- सामुदायिक स्वास्थ्य नर्सको कार्य विवरण सामुदायिक स्वास्थ्य नमुना स्थानीय तह कार्यक्रम निर्देशिका, २०७८ को अनुसूची ७ बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**

Healthy Living Nepal Pvt. Ltd.
Bardibas Branch-1, Mahottari (Madhesh Pradesh)
बैजनाथ चौधरी
मो. ९८४४२५१७९९, ९७०३७७४७८४
हरेक प्रोडक्टमा बम्पर अफर !


जलेश्वर रोड, भोलाबसन्त चौक (पावन मिथिला होटलको अगाडी)

धुम्रपान तथा सुर्तीजन्य पदार्थ प्रयोग गर्न छोडेमा हुने फाइदाहरू
- हृदयाघातको जोखिम कम हुने
- क्यान्सरको जोखिम कम हुने
- मधुमेहको जोखिम कम हुने
- फोक्सो र श्वासप्रश्वास सम्बन्धी समस्या कम हुने
- मुख दाँत, गिजा स्वस्थ रहने
- उमेर नपुग्दै छाला चाउरी पर्ने सम्भावना कम हुने
- आँखाको दृष्टि कमजोर हुनबाट जोगिने
- श्रवण शक्ति कमजोर हुनेबाट जोगिने
- गर्भावस्थामा हुने जोखिम कम हुने

सोनमा गाँउपालिकाको कार्यालय
सोनमा, महोत्तरी

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय ५५००५५ | | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम ५२०२११ | |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| बर्दिवास आँखा अस्पताल ५५०४७७ | | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनुका साथै मनग्य धन लाभ हुनेछ। | तुला | समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला। |
| बृष | व्यापारलगायत आर्थिक लाभ हुने काममा मनग्य फाइदा हुनेछ। | वृश्चिक | सुरुमा खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ। |
| मिथुन | छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ। | धनु | मेहनतले आम्दानी बढाउनेछ। |
| कर्कट | महत्त्वाकांक्षी योजना गोप्य राख्नुहोला। | मकर | विशेष भेटघाटले काममा उत्साह बढाउला। |
| सिंह | प्रयत्न गर्दा राम्रै प्रतिफल प्राप्त हुने समय छ। | कुम्भ | आध्यात्मिक मनोवृत्तिले समाजसेवामा प्रवृत्त गराउला। |
| कन्या | अधैर्य व्यवहारले समस्या निम्त्याउला। | मीन | गरेका कामबाट तत्काल फाइदा उठाउन मुस्किलै पर्नेछ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

# मधेशका माग पूरा गर्न...

छलफल गर्नुपर्ने भएकाले केही समय कुर्न आग्रह गरेका थिए। भेटघाटमा सहभागी माओवादी (केन्द्र)का संसदीय दलका नेता भरतप्रसाद साहले मधेश प्रदेश सरकारले राखेको मागप्रति प्रधानमन्त्री दाहाल सकारात्मक रहेको बताए । 'प्रधानमन्त्रीज्यूले थप छलफल गर्नुपर्ने भएकाले केही समय दिन भन्नुभएको छ,' माओवादी नेता साहले कान्तिपुरसँग भने, 'प्रधानमन्त्रीज्यूको आश्वासनप्रति हामी सकारात्मक छौं । दुई-चार दिनमा मधेश प्रदेशका सबै दलसित छलफल गरेर समय दिने वा आन्दोलन थाल्नेबारे निर्णय हुनेछ ।' मधेश प्रदेश सरकारले प्रहरी समायोजन र सिडिओ प्रदेश मातहत हुनुपर्ने, प्रदेशलाई मुद्दा अभियो जनसम्बन्धी अधिकार दिनुपर्ने, प्रदेशबाटै सचिव र प्रशासकीय अधिकृतको खटनपटन हुनुपर्ने, सरकारी तथा सार्वजनिक जग्गाको उपभोग र प्रयोगमा प्रदेश सरकारको अधिकार हुनुपर्ने, गुठी जग्गा व्यवस्थापन प्रदेश सरकारबाटै र अन्तर सरकारी बित्त व्यवस्थापनमा संशोधन लगायतका माग राख्दै प्रधानमन्त्री दाहाललाई ३० दिनको समय दिएको थियो । तर, प्रधानमन्त्री दाहालले थप समय मागेपछि मधेश प्रदेश सरकार अलमलमा परेको छ । आन्दोलन थाल्ने कि प्रधानमन्त्रीलाई समय थप्ने विषयमा निर्क्यौल नहुँदा मधेश प्रदेशका मुख्यमन्त्री यादवसहित सबै दलका संसदीय दलका नेता काठमाडौंमै रोकिएका छन् । मुख्यमन्त्रीसहितको संसदीय दलका नेताहरुले प्रधानमन्त्री दाहाल, कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेकपा(एस) का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरलाई आइतबार नै भेटेर संविधानले प्रदेश सरकारलाई दिएको अधिकार सुम्पने वातावरण बनाइदिन आग्रह गरेको थियो । मुख्यमन्त्री यादवले अघिल्लो साता प्रदेश सभाबाट पारित भएको एमालेको संकल्प प्रस्तावबारे पनि दलका शीर्ष नेताहरुलाई जानकारी गराएको थियो । एमालेका प्रमुख सचेतक हरिनारायण महतोले 'संघीय लोकतान्त्रिक व्यवस्थालाई बलियो बनाउन प्रदेश सरकारको अधिकार प्राप्तिका लागि नेपाल सरकारसँग यथाशीघ्र पहल गर्न प्रदेश सरकारलाई निर्देशन दिने' संकल्प प्रस्ताव पेश गर्दा प्रदेश सभाको बैठकले सर्वसम्मतले पारित गरेको थियो । 'संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, स्थायित्व, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने मुख्य ध्येयकासाथ संविधानसभाबाट पारित संविधान निर्माण भएको आठ वर्ष बितिसक्यो,' प्रधानमन्त्रीलाई ३२ दिनअघि बुझाइएको ध्यानाकर्षण पत्रमा भनिएको छ,'प्रदेश सरकारले संविधानको एकल सूचीमा रहेको अधिकार प्रयोग गर्न नपाउँदा प्रदेशको शान्ति सुरक्षा, सुशासन र प्रशासनमा समस्या देखिएको छ। प्रधानमन्त्रीज्यूले प्रदेशलाई अधिकार सम्पन्न बनाउन र संघीयतालाई प्रभावकारी लागू गर्न अविलम्ब परिणाममुखी दिशानिर्देशका लागि अनुरोध गर्दछौं ।'

# अस्पतालले मृत घोषणा...

चुरापोते आदि सामग्री किनमेल गरिसकेका थिए। उहाँको दाहसंस्कारपछि श्रीमतीले लगाउने कपडासमेत व्यवस्था गरिसकिएको थियो। सबै आफन्त छरछिमेक भेला भई स्थानीय सुनसरी खोलामा दाहसंस्कारका लागि लैजान लाग्दा केही व्यक्तिले उहाँ जीवित रहेको जस्तो देखेपछि उहाँलाई पानी र दुध खुवाएको स्थानीयले बताएका थिए। त्यसपछि सदाको स्वास्थ्य सुधार हुँदै सामान्य बन्दै गएको र घरमै राखिएको समाजसेवी कटुवालले जानकारी दिनुभयो। अस्पतालले मृत घोषणा गरेका व्यक्ति जीवित रहेको पाइएसँगै सदाको परिवार, आफन्त, छिमेकी र सामाजिक अगुवाहरू सो अस्पताल प्रशासनसँग आक्रोशित बनेका छन् । समाजसेवी राजेन्द्र पोखेलका अनुसार मेट्रो न्युरो अस्पतालले गरेको यस किसिमको चरम लापरबाहीको विषयमा स्थानीय प्रशासन र सुरक्षा निकाय गम्भीर बनी घटनामा संलग्न व्यक्ति र अस्पतालमाथि कडा कारबाहीको माग स्थानीयले गरेका छन् ।

# दुष्प्रचार गरेर जनतालाई भ्रममा पार्ने षड्यन्त्र भइरहेको छ : प्रधानमन्त्री दाहाल

● टक नेपाल

काठमाडौं । प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले विभिन्न ढङ्गबाट दुष्प्रचार गरेर जनतालाई भ्रममा पार्ने षडयन्त्र भइरहेको बताउनुभएको छ । प्रेस सेन्टर नेपालका पदाधिकारीको तेस्रो पूर्ण बैठकलाई आज सम्बोधन गर्दै उहाँले झुठो प्रचार रोक्ने र जनतालाई सही सूचना दिने सञ्चार क्षेत्रको महत्वपूर्ण जिम्मेवारी भएको बताउनुभयो। पछिल्लो समय सङ्घीय लोकतान्त्रिक गणतन्त्र नरुचाउने तत्वले सरकार र त्यसको नेतृत्वविरुद्ध अनर्गल, कपोलकल्पित र झुठो प्रचार गरिरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भ्रामक सूचनाका विरुद्ध सही र सत्य जानकारी दिएर प्रतिवाद गर्न आग्रह गर्नुभयो। प्रधानमन्त्रीका रुपमा आफूले राष्ट्र, जनता, संविधान र लोकतन्त्रका पक्षमा दृढतापूर्वक काम गरिरहेको उल्लेख गर्दै उहाँले सरकारले थालेका जनपक्षीय कामबाट आत्तिएका शक्तिले अनावश्यक भ्रम फैलाएको बताउनुभयो । निजी क्षेत्रको दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलको शेयर खरिद बिक्रीका सम्बन्धमा आफूले संयुक्त अरब इमिरेट्स (युएई) मा आयोजित जलवायु सम्मेलनका क्रममा थाहा पाएको र सो सम्बन्धमा तत्कालै अध्ययन गर्न सम्बन्धित निकायलाई निर्देशन दिएको प्रधानमन्त्री दाहालको भनाइ थियो । "म युएईमा हुँदा एनसेल खरिद बिक्री भएको सुनेँ, यसमा सतर्कतापूर्वक अध्ययन गर्न निर्देशन दिएँ", उहाँले भन्नुभयो, "स्वदेश फर्केको भोलिपल्ट मुख्यसचिवलगायत पदाधिकारीलाई यसबाट नेपालको कर प्रणाली, वैदेशिक लगानी तथा केही वर्षपछि सो कम्पनी नेपाल सरकारले प्राप्त गर्ने प्रावधानमा के कस्तो असर पर्छ भनेर अध्ययन गर्न निर्देशन दिएँ ।" अस्वाभाविक देखिएको एनसेल खरिद बिक्रीको संवेदनशीलता र गम्भीरतालाई हेरेर आफूले गठबन्धनभित्र पनि छलफल गरेको जानकारी दिँदै प्रधानमन्त्री दाहालले भन्नुभयो, "शेयर खरिद बिक्रीमा कैफियत छ, छानबिन गरेर सत्यतथ्य पत्ता लगाउनुपर्छ, राष्ट्र, जनता र मुलुकको अर्थतन्त्रका पक्षमा दृढतापूर्वक अगाडि बढ्नुपर्ने प्रस्ताव राखेँ ।" सो शेयर खरिद बिक्री सम्बन्धमा सरकारले अनुसन्धान गर्नुपर्छ भन्नेमा सबैको सहमति भएको उहाँले बताउनुभयो । फरक प्रसङ्गमा प्रधानमन्त्री दाहालले वर्तमान सत्तागठबन्धन पूरै अवधि कायम रहने बताउनुभयो । उहाँले एक वर्षको समीक्षा गर्ने र आगामी वर्षका लागि नयाँ रणनीतिका साथ अघि बढ्ने प्रतिबद्धतासमेत दोहोऱ्याउनुभयो । बैठकमा माओवादी केन्द्रका उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटा, प्रेस सेन्टरका नेता महेश्वर दाहाल, प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यलगायतको सहभागिता थियो ।

# विवाहपञ्चमी उत्सवलाई अन्तर्राष्ट्रियकरण...

प्रतिमा निर्माणमा चामल २५ क्विन्टल, गहुँ छ क्विन्टल, सो याविन छ क्विन्टल, चना १८ क्विन्टल, उरद (मास) को दाल १८ क्विन्टल, चना दाल चार क्विन्टल, अरहर चार क्विन्टल, समुर दाल चार क्विन्टल, मकै तीन क्विन्टल, मुमफली दुई क्विन्टल र मुङ दाल १२ क्विन्टल गरी १२ लाख ६८ हजार रुपियाँको ११ प्रकारका अनाज प्रयोग गरिने श्री सीताराम अनाज प्रतिमा निर्माण समितिका संयोजक जितेन्द्र महासेठले जानकारी दिए। भारतको अयोध्यामा बनाइएको नौ हजार स्क्वायर फिटको रामजानकीको प्रतिमाबाट प्रेरित भएर जनकपुरधाममा पनि त्योभन्दा ठूलो प्रतिमा बनाउन थालिएको जनकपुर धाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहले बताए। मेयर साहले जनकपुरधाममा पर्यटक भित्र्याउन र जनकपुर धामलाई विश्वसामू चिनाउन प्रतिमा निर्माण गर्नु उत्तम उपाय रहेको बताए। प्रतिमा निर्माणमा प्रयोग हुने अनाजमध्ये ९० प्रतिशत अनाज पुनः काम लाग्ने र १० प्रतिशत अनाज पिसेर गौशालामा गाईवस्तुलाई खुवाउन सकिने निर्माण समितिको सल्लाहकारसमेत रहेका साहको भनाइ छ। ऐतिहासिक रङ्गभूमि मैदान बाह्र बिघाको उत्तरी पूर्वी कुनामा बनाइने प्रतिमा ६ इन्च माटो भरेर समतल बनाई करिब तीन कट्ठा क्षेत्रफलमा कार्पेट ओछ्याएर बनाइँदैछ। प्रतिमा निर्माणका लागि अयोध्यामा रामसीताको प्रतिमा बनाई विश्व रेकर्ड बनाएका भारत मध्यप्रदेशका कलाकार सतीश गुर्जरको टोलीले जनकपुर धाम आई काम थालि सकेको निर्माण समितिले जनाएको छ। आइतबार सुरु गरिएको प्रतिमा निर्माण चार दिनमा सम्पन्न हुने छ। आगामी बुधबारदेखि नागरिकले प्रतिमा हेर्न सक्ने प्रतिमा निर्माण कलाकार सतीश गुर्जरले बताए। प्रतिमा निर्माणका लागि आवश्यक पर्ने अनाज विभिन्न व्यक्ति र सङ्घ संस्थाले सहयोग गरेका छन् । भारत उत्तरप्रदेशको अयोध्यामा १० हजार ८ सय स्कवायर फिटको अन्नबाट मुर्ती बनाई गिनिजबुक अफ वर्ल्ड रेर्कडमा दर्ता भएको भन्दै विवाह पञ्चमीमा जनकपुरधाममा ११ हजार स्कवायर फिटमा सो मुर्ती बनाएर विश्व रेकर्ड बनाउदै विवाह पञ्चमीलाई अन्तराष्ट्रिय करण गरिने जनकपुरधामका मेयर मनोज साहले बताए । जनकपुरधाम वडा नं. ४ बस्ने रुपेश मिश्रकी छोरी गुनगुन मिश्रले भारतीय आजतक च्यानलमा सो मुर्ती विश्वकिर्तीमान कायम गरेको देखेर जनकपुरधाममा सो भन्दा पनि भव्य र ठुला मुर्ती बनाउनुपर्ने प्रस्तावमा भारतिय कलाकार तथा विज्ञ सतिष गुर्जर सहितको टोली जनकपुरधाम आएर निर्माण कार्य सुरु गरेका हुन् ।

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)


हाम्रो सेवाहरू
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा
होल बडी चेकअपमा २५% छुट
☎ 044-550527/9801050527/9801150527

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्झनुहोस् ।

सुशिल ढकाल
☎ ०४४-५५०६७०, ९८४९७३२९९७
सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी

# नगर बाल क्लबलाई नगरपालिकाको आर्थिक सहयोग

● टक नेपाल

बर्दिबास । बर्दिवास नगरपालिकामा गठन भएका नगर बाल क्लबलाई नगर पालिकाले आर्थिक सहयोग गरेका छन । आर्थिक वर्ष ८०।८१ को वजेट बाट नगद ५० हजार सहयोग गरेका हो। यो रकम बाल क्लबका उपाध्यक्ष ममता खड्का र बाल क्लबका सम्पूर्ण सदस्यहरुको उपस्थितमा हस्तान्तरण गरिएको नगर प्रमुख प्रहलाद कुमार क्षेत्रीले जानकारी गराउनुभयो । बालबालिका आफ्नो लागि योजना बनाउने देखि बालमैत्री अभियान, विपद् पूर्वतयारी र विपद् जोखिमबारे सचेतना फैलाउने र पालिकाको सबै वडाहरुमा विभिन्न कार्यक्रम गर्नका लागि बाल क्लबलाई सहयोग गरेको हो । बाल क्लब, किशोरी क्लब गठन, पुनःगठन र विस्तार गर्दै बालमैत्री नगरपालिका बनाउन अग्रसर भएका छन् । नगर र वडामा गठित बाल क्लब र किशोरी क्लबमा आबद्ध बालबालिकाले बालबालिका सम्बन्धी व्याप्त समस्या, चुनौतीलाई न्यूनीकरण



गर्नका लागि नगरपालिकाले नगर बाल क्लबलाई आर्थिक सहयोग गरेको नगर प्रमुख क्षेत्रीले जानकारी गराउनुभयो । बाल क्लबका सदस्यहरु बालबालिकाको हित हुने खालका योजना आफै बनाएर वडा र नगरमा पेश गर्ने र नगरपालिकाको सबै वडाहरुकमा विभिन्न सचेतनामुलक कार्यक्रम गर्ने क्लबका उपाध्यक्ष ममता खडकाले बताईन । बाल क्लब सदस्यहरुको सक्रियताले सचेतना फैलाउन किसिमका कार्यक्रम गर्ने उपाध्क्ष खडकाको भनाई रहेको छ । युनिसेफ नेपालको सहयोगमा बालकेन्द्रित विपद् जोखिम न्यूनीकरण कार्यक्रम तालिमले बाल क्लबका सदस्यहरुलाई सहयोग जुटेपछि बालबालिकाहरुको सक्रियता बढेको क्लबका सदस्यहरुले बताए ।

# विवाहपञ्चमी उत्सवलाई अन्तर्राष्ट्रियकरण गर्न अन्नबाट कीर्तिमानी प्रतिमा बनाइँदै

● टक नेपाल



जनकपुरधाम। मिथिलाञ्चलको उत्सव विवाह पञ्चमीमा ११ हजार स्क्वायर फिटको अन्नबाट भगवान रामजानकीको प्रतिमा बनाउने गर्ने प्रकृया सुरु भएको छ । विवाहपञ्चमी महामहोत्सवलाई अन्तर्राष्ट्रियकरण गर्नका लागि यो शुभ कार्य गर्न लागिएको वृहतर जनकपुरधाम क्षेत्र विकास परिषदका अध्यक्ष शितल साहले बताए । अध्यक्ष साहले जनकपुरधाममा सीताराम विवाहपञ्चमीका अवसरमा एक सय दुई क्विन्टल अनाज प्रयोग गरी ११ हजार स्क्वायर फिटको सीतारामको प्रतिमा निर्माण थालिएको बताए। यस प्रतिमा निर्माण गर्नका लागि एक सय दुई क्विन्टल विभिन्न किसिमको अन्न प्रयोग गरीने भएको छ। जनकपुरधामस्थित रङ्गभूमि मैदान (बाह्र बिघा) मा ११ हजार स्क्वायर फिटको सीतारामको प्रतिमा निर्माणको लागि आइतबार साँझदेखि चकले ब्लक बनाउने कार्य सुरु भएको छ। प्रत्येक वर्ष जनकपुरधाममा हुने विवाहपञ्चमीको अवसर पारेर धार्मिक ऐतिहासिक सहर जनकपुरधामलाई विश्वभर चिनाउन ११ प्रकारका अन्न प्रयोग गरी २१ लाख २३ हजार रुपियाँको लागतमा रङ्गभूमि मैदान (बाह्र बिघा) रामजानकी प्रतिमा स्थापना गर्न लागिएको अध्यक्ष साहले बताए।

»» बाँकी पृष्ठ ३ मा

# गौशाला बजारमा एक व्यापारीको मृत्यु

● टक नेपाल

गौशाला । महोत्तरीको गौशाला बजारमा एक व्यापारीको मृत्यु भएको छ । सोमबार गौशाला नगरपालिका अन्तर्गत गौशाला बजारमा एक व्यापारीको मृत्यु भएको हो। मृत्यु हुने गौशाला नगर पालिका वडा नं. ४ बस्ने वर्ष ६५ को महेन्द्र महतोको रहेको ईलाका प्रहरी कार्यालय गौशालाले जनाएको छ । गौशाला बजार सप्ताहमा दुई सोमबार र बिहीबार लाग्ने हाट बजारमा भैंसीको खरीद विक्रि गर्ने महतो प्रत्येक बजार झै आज भैंसीको मूल्यको दरभाउ गर्दागर्दै एक्कासी बिहोस भई मृत्यु भएको बजार व्यापाहरुको भनाई रहेको छ । महतो सोमबार र विहिबार बजारमा भैंसी खरीदविक्रि गरी दिनचर्या चलाईरहेको आफन्तहरुले बताएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

मनरा शिसवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी मधेश प्रदेश ,नेपाल

**ठेक्का आह्वान सम्बन्धी सुचना**

**प्रथम पटक प्रकाशित मिति :-२०८०/०८/२६**

प्रस्तुत विषयमा यस कार्यालयबाट "आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद" को लागि प्रथम पटक ठेक्का आह्वानको सुचना प्रकाशन तथा सो सम्बन्धी विस्तृत विवरण www.bolpatra.gov.np मार्फत जानकारीको लागि अनुरोध गरिन्छ।

गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी, मधेश प्रदेश, नेपाल

**जाडोमा आगो ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं
कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं
आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं
हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं
गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT
Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY
Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE
Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC
Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४




बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com